नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२४४ दायर मिति:-२०८१/१०/०७**

**फैसला मिति:-२०८१/१०/२८**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **बिधाकान्त पाण्डेको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला सर्लाही बलरा नगरपालिका वडा नं.२ घर भई हाल जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.०२ घर भई हाल बीरगंज महानगरपालिका वडा नं.२ भिष्वा टोल बस्ने गोनु सिंहको छोरा वर्ष ५८ को केदार सिंह.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालासमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालासमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालासमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालासमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रवि भुषण पाण्डे समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा जाहेरवालाका साथि रबी भुषण पाण्डेले मसँग रु.२१ लाख ऋण लिएकोमा निजले मसँग लिएको ऋण लिन दिन सकेको हुँदा मैले आदालतमा मुद्दा दायर गरेकोमा मेरो हकमा फैसला भई रबी भुषण पाण्डेको जग्गा लिलामीको आदेश भएकोमा सोही रिसिईबीलाई साध्न जाहेरवालाले ममाथि झुठो आरोप लगाएका हुन ।मैले जाहेरवालासमेतलाई अश्लिल गाली गलौज गरी अभद्र व्यवहार गरेको कुरामा सत्यता छैन भनि प्रतवादीले ईन्कारी बयान गरेता पनि मिति २०८१।०९।२५ गते अं.१०:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १५ भिस्वा टोल स्थित रहेको रबी भुषण पाण्डेको घरमा गई कुराकानी गरीरहेको अवस्थामा प्रतिवादी केदार सिंह अचानक रबी भुषण पाण्डे उपर अश्लिल शब्दहरुको प्रयोग गरेको हुँदा निज प्रतिवादीलाई सम्झाई बुझाई गर्दा निज प्रतिवादी झन आवेशमा आई म जाहेरवाला उपर नै अश्लिल गाली गलौज गरी अभद्र व्यवहार गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालाको साथि रबी भुषण पाण्डे र जाहेरवाला बिच लेनदनको विषयलाई लिई प्रतिवादीले जाहेरवालासमेतलाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी केदार सिंहलाई कैद दिन ११, जरिवाना रु.५००/- अक्षरेपी पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी केदार सिंहलाई ठहरेको कैद दिन ११ को हकमा निज मिति २०८१/०९/२५ देखि २०८१/१०/०६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ति शुल्कको हकमा र.नं.२०८/२०८१/१०/०९ बाट दाखिला गरेको धरौटी रकम रु७००/- बाट जरिवाना रकम रु.५००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु---------------------------------------------------------------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४५ सिल्लाथ्व त्रयोदशी, शुभम् .......